# ५. परमेश्वरको आवाज सुन्नु
# (इश्वरीय अगुवाईको सिद्वान्त)

क. मुख्य पदहरु

रोमी १२:१-२
हितोपदेश ३:५-६
एफिसी २:१०
भजन १३९:१३-१६
यशैया ३०:२१
यशैया ५५:६
एफिसी १:३-५

ख. हाम्रो जीवनको निम्ति परमेश्वरको इच्छा थाहा पाउनु जरुरी छ

- येशूको प्रत्येक चेलाहरुको जीवनको निम्ति परमेश्वरसँग एउटा योजना छ (एफिसी २:१०; भजन १३९:१६; यर्मिया १:५).
- परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो निम्ति उहाँ उत्तम कुराहरु चाहनुहुन्छ. हाम्रो जीवनको निम्ति हामीले उहाँको इच्छालाई सर्वोत्तम ठान्यौं भने यी कुराहरुका असल पक्षमा हामी जिउन सक्छौं (व्यवस्था २८:१; रोमी ८:२८; २ पत्रस १:३).
- परमेश्वर आफ्नो इच्छा र आफैंलाई पनि हाम्रो माझ प्रकट गर्न चाहनुहुन्छ (हिब्रू ११:६; याकूब १:५).
- हामी उहाँको बाटोमा हिंडन मन पराएको परमेश्वर इच्छा गर्नुहुन्छ (हितोपदेश ३:५-६; भजन ३२:८-९).
- परमेश्वरप्रतिको हाम्रो आज्ञाकारिता वा अनाज्ञाकारिताले अरुको र हाम्रो आफ्नै जीवन समेतमा प्रभाव पार्छ (यहोशू ६:१८; यहोशू ७:१-२६).
- येशूका चेलाको रुपमा परमेश्वरको आवाज सुन्नु हाम्रो जीवनको एउटा अति महत्वपूर्ण तर दैनिक क्रियाकलापको एक अंग हुनुपर्छ.

ग. हाम्रो जीवनको निम्ति परमेश्वर आफ्नो इच्छा प्रकट गरेर त्यसलाई प्रष्ट पार्न चाहनुहुन्छ.

- हामी येशूका चेलालाई आवश्यक अगुवाईको निम्ति परमेश्वरको वचन पहिला नै दिइसकिएको छ.

- जीवनका केही पक्षहरुका लागि हामीले परमेश्वरसित विशेष अगुवाई माग्नुपर्छ जस्तै सेवकाईको निम्ति बोलावट, काम आदि (लूका ११:९-१०).
- विशेषगरी उहाँ हामीलाई अगुवाई गर्न चाहनुहुन्छ (भजन २५:१२; भजन ३२:८).
- येशूले जिउनुभएजस्तै हामी पनि जिएको परमेश्वर इच्छा गर्नुहुन्छ. आफ्नो पिताले स्वर्गमा गर्नुभएको काम येशूले देख्नुभए अनुसारकै काम उहाँले पृथ्वीमापनि गर्नुभयो (यूहन्ना १४:३१). हामीले अब के गर्नुपर्ने हो त्यो परमेश्वरसँग सोध्नुपर्छ.
- उहाँको दृष्टिमा हामी पवित्र र दागरहित देखिन परमेश्वरले हामीलाई येशूमा संसारको सृष्टि हुनु अघि नै छान्नुभयो. हामीलाई के कुराको खाँचो छ र हामीले कसरी जीवन-यापन गर्नुपर्छ सो उहाँ जान्नुहुन्छ (एफिसी १:३-५; भजन १३९:१३-१६).

## घ. परमेश्वरको इच्छा थाहा पाउन व्यवहारिक तयारी

- येशूलाई आफ्नो प्रभु बनाएर उहाँको इच्छा वास्तवमा नै पालना गर्न हामी इच्छुक हुनुपर्छ (रोमी १२:१-२; मत्ती ६:३३).
- कुनैपनि अवस्थामा उहाँको इच्छाप्रति आज्ञाकारी हुन उहाँमा समर्पित हुनुपर्छ (भजन २५:१०).
- हामी विनम्र हुनुपर्छ (भजन २५:९).
- परमेश्वरमा भरोसा राख्नुपर्छ (हितोपदेश ३:५-७)
- हाम्रो हृदय शुद्ध हुनुपर्छ (भजन ६६:१८; १यूहन्ना १:९) तथा हाम्रा कुनैपनि अधार्मिकतामा पवित्र आत्माले हामीलाई दोष्याउन उहाँ स्वतन्त्र हुनुहुन्छ.
- हामी परिपक्वतातर्फ बढ्नुपर्छ : यसको अर्थ हाम्रो जीवनमा आफू कम परमेश्वर बढी हुनुपर्छ र यसले गर्दा उहाँको आवाज प्रष्टसँग सुन्नसकनमा हामीलाई मदत मिल्नेछ.
- हामीले आशा गर्नुपर्छ : परमेश्वर हामीसित बोल्न चाहनुहुन्छ त्यसकारण उहाँको कुरा सुन्नुहोस.
- हामीले उहाँको भय मान्नुपर्छ : यसको मतलव हो खराबलाई घृणा गरेर परमेश्वरको इच्छामा जिउने (हितोपदेश ८:१३; हितोपदेश ९:१०). हामीले आराधना तथा प्रशंसा गर्नुपर्छ. परमेश्वर हाम्रो प्रशंसामा वास गर्नुहुन्छ (भजन २२:३) र उहाँको दरवारमा हामी प्रशंसा गर्दै पस्नुपर्छ (भजन

१००:४). आराधनाद्वारा हामी परमेश्वरको नजीक जानसक्छौं अनि उहाँ बोल्नुहुने अपेक्षा गर्नसक्छौं.

- परमेश्वरको आवाज सुन्नको लागि उपवास बस्नु जरुरी छैन तापनि यसले मदत गर्नसक्छ. परमेश्वरले यसो गर्नु भनेर आज्ञा गर्नुभएमा मात्र त्यसो गर्नुपर्दछ (मत्ती ६:१६).
- हामी विश्वासमा अगाडि बढनुपर्छ अर्थात परमेश्वर के चाहनुहुन्छ सो जानेर र हामीले गर्न नसक्ने कामका निम्ति उहाँको आज्ञा पालन गरेर उहाँमा भरोसा गर्दै हामी विश्वासमा अगाडि बढनुपर्छ. यदि परमेश्वर बोल्नुभएको छ भने त्यही कुरालाई लक्ष बनाएर जानुपर्छ.

साधारणत: तपाईंको मनभित्र जीवनमा चारवटा आवाजहरुको पहुंच हुन्छ तर परमेश्वरको आवाज सुन्न तपाईंलाई तलका कुरा गर्नु आवश्यक छ -

अन्य आवाजहरुलाई चुप गराउनुहोस् र त्यसपछि तिनीहरु बोल्नेछैनन्. (मानिसहरुले के सोच्छन आदि कुराहरु).
आफ्नै मनको भित्री आवाजलाई क्रूसमा लगेर किला ठोक्नुहोस.
शैतानको आवाजलाई येशूको नाउंमा चुप गराउनुहोस, ऊ बोल्नेछैन.
परमेश्वरमा समर्पित भएर उहाँलाई प्रभु बनाउनुहोस् र उहाँ बोल्नुहुनेछ.

## ङ. याद गर्नुहोस्

*अगुवाई हृदयको विषय हो भने ज्ञान शिरको.*

परमेश्वरको इच्छा भनेको धेरै गाडीहरु एकैसाथ गुडने धेरै लेन lane हरु भएको राजमार्ग जस्तै हो. यहाँ सीमाभित्र रहेर यताउती गर्न लचिलोपन हुन्छ. यो अवस्थालाई जानेर अनि त्यसै अनुसार तपाईं काम गर्न सक्नुहुन्छ. परमेश्वरको इच्छाको फराकिलो परिधिभित्र उहाँका खास चाहनाहरु प्रकट हुनेछन्. आफ्नै इच्छामा केन्द्रित रहेमा यस प्रकारको परमेश्वरको अगुवाई प्राप्त गर्नु सम्भव छैन.

## च. परमेश्वर बोल्नुहुने तरीका

परमेश्वर हामीसित बिभिन्न प्रकारले बोल्नुहुन्छ तर कुन किसिमले बोल्ने त्यसको छनौट उहाँ आफैले गर्नुहुने तथ्यलाई हामीले हृदयंगम गर्नुपर्छ.

- परमेश्वरको वचनद्वारा (२तिमोथी ३:१६; भजन ११९:९-११; १०५)

- पवित्र आत्माको आन्तरिक सानो र शान्त आवाजद्वारा (प्रेरित ११:१२; प्रेरित १३:२; प्रेरित १६:६-७, १राजा १९:१२; यशैया ३०:१९-२१).
- परमेश्वरका जनहरुको सल्लाह र सुझावबाट (हितोपदेश १२:१५).
- सुन्न सकिने गरी बोल्नुभएको परमेश्वरको आवाजबाट (प्रेरित ९:४-५).
- सपनाहरुबाट (मत्ती २:२०-२१).
- दर्शनहरुबाट (यो सपनाजस्तै हो तर जागृतावस्थामा घटछ) (प्रेरित १०:९-१८).
- स्वर्गदूतहरुद्वारा (लूका १:२६-२८).
- आत्माका वरदानहरुद्वारा (बुद्धिको वचन, ज्ञानका वचन, अगमवाणी, भाषाहरु र अनुवादहरु) (१कोरिन्थी १२:४-११).
- याद राख्नुहोस् १कोरिन्थी १४:१-५ ले भन्छ अगमवाणी मूलत: सामर्थ्य प्रदान गर्न, उत्साहित गर्न, शिक्षा तथा मण्डलीको सुधारको निम्ति हो तर व्यक्तिगत प्रारम्भिक अगुवाईको निम्ति होइन. परमेश्वरले तपाईलाई अघिबाटै भन्नुभएको कुरालाई एउटा अगमवाणीले समर्थन जनाएको हुनसक्छ तर यो अप्रत्यासित ढङ्गबाट आउने हुनाले होशियार हुँदै त्यस्ता आत्माहरुको जाँच गर्नुहोस् (१यूहन्ना ४:१).
- परिस्थितिहरुद्वारा : केवल परिस्थितिहरुद्वारा हाम्रो जीवन सञ्चालन हुनदिनु शैतानको प्रवेशको निम्ति द्वार खुला छोड्नु सरह हो. तर बुद्धिमान हुँदै त्यस्ता परिस्थितिहरु मार्फत परमेश्वर तपाईसँग बोल्नुहुने अपेक्षा राख्नुहोस्.
- तपाईका हृदयका इच्छाहरुद्वारा (भजन ३७:४).
- मनको लख काटेर, अन्दाज गरेर. यसबारेमा वर्णन गर्नु असम्भव भएपनि जब तपाई यस्तो अनुभव गर्नुहुन्छ अनि तपाईलाई यस सम्वन्धमा थाहा हुन्छ.
- उरिम र थुम्मिमबाट. पुरानो नियममा सिक्का उफारेर (चित-पट/शिर-पुच्छर). परमेश्वरले तपाईलाई यसो गर्न विशेष अगुवाई गर्नुभएमा मात्र गर्नुपर्छ (यसलाई अहिलेको सन्दर्भमा भरसक नअपनाउनु नै वेस हुनेछ) (१ शमूएल १४:४१).

## छ. आत्माको जाँच

शैतानले परमेश्वरको आवाजको नक्कल गर्न खोज्ने तथ्यलाई हामीले जान्नुपर्छ. त्यसैकारण हामीले प्राप्त गर्ने परमेश्वरको वचनको जाँच गर्नुपर्छ विशेष गरी त्यस वखत जब हामी भरखर-भरखर प्रभुलाई आफ्नो

उद्धारकर्ता मानेर क्रिश्चियन जीवन जिउन शुरु गरेका हुन्छौं. यो सक्कली आत्माबाट हो अथवा नक्कलीबाट भनेर चिन्ने सरल उपाय चाहिं सक्कली आत्मासँग हामीले घनिष्ठ सम्बन्ध बढाएमा सम्भव हुन्छ. बैंकको "टेलर" (चेक लिएर पैसा दिन खटाइएको व्यक्ति) जस्तै सक्कलीको अध्ययन गरेर नक्कलीको पत्ता लगाउनमा सिपालु (१कोरिन्थी १४:२९; १यूहन्ना ४:१).

ज. पिताको चाहना हामीले उहाँको आवाज सुनौं भन्ने रहेको छ

प्रभुसँग हामीलाई भन्नुपर्ने थुप्रै कुराहरु छन्. उहाँको कुरा सुन्न थालेपछि त्यो अझ विस्तृत हुनथाल्छ. यदि हाम्रो जीवन अधार्मिक थोत्रा कुराहरुले भरिएको छ र हाम्रो अन्तस्करणमा अन्य आवाजहरुले स्थान पाएका छन् भने परमेश्वरको आवाज हामी सुस्पष्ट सुन्न सक्नेछैनौं.

जब हामी उहाँलाई सुन्नथाल्छौं उहाँले हाम्रो जीवनमा भएका मुख्य कुराहरुलाई लिएर बोल्नुहुन्छ. त्यसपछि ठूल्ठूला निर्णय गर्नको लागि हामी उहाँको आवाज सुन्नथाल्छौं. हामी आफैंले यी कुराहरुको सामना गर्न नसक्ने हामीलाई ज्ञान भएकोले यस्ता विशेष अवस्थाहरुमा परमेश्वरको निर्देशनको निम्ति उहाँलाई ठाउँ दिनुपर्छ. अन्तमा हामी परमेश्वरको आवाज निरन्तर सुनिरहने ठाउँमा पुग्छौं यसरी हामी येशूकै जस्तो जीवन जिउन सक्छौं. येशूले पनि पिताले इच्छा गर्नुभए अनुसारकै जीवन जिउनु भएको थियो.

परमेश्वरको वचन सुन्न सबैभन्दा सुरक्षित र लाभदायक तरीका उहाँको वचनको साक्षीद्वारा हुन्छ. हामीलाई आवश्यक निर्देशनको ९५ प्रतिशत धर्मशास्त्रमा उल्लेख भैसकेको छ. हाम्रो जीवनमा धर्मशास्त्रलाई एउटा मजबुत स्तम्भ मानेर जिउनुपर्छ. तथापि यदि हामीले अर्को स्तम्भ - परमेश्वरको वचन हामीमा बोल्नुहुने पवित्र आत्मासँग धर्मशास्त्रको सन्तुलन बनाएनौं भने यो एक मृत तथा व्यवस्थामा आधारित सिद्धान्तमा परिणत हुनपुग्छ. हामीले परमेश्वरको वचनका यी दुई स्रोतहरुमा सन्तुलन कायम गर्दै जिउनुपर्छ.

आदमलाई पृथ्वीमा परमेश्वरको आधिकारिक प्रतिनिधिको रुपमा सृष्टि गरिएको थियो. उसले बोलेको परमेश्वरले बोल्नुभएकै जस्तो हुन्थ्यो. तरपनि आदमले अर्को आवाजलाई सुन्यो र तुरुन्तै ऊ भ्रष्ट भएर

परमेश्वरको वचनको निम्ति निष्खोट माध्यम हुने सामर्थ्यदेखि वञ्चित हुनपुग्यो. हामीलाई पुनर्स्थापन गर्न येशू दोस्रो आदम भएर आउनुभयो. यसरी अब हामी येशूका चेलाहरु परमेश्वरको बचनको माध्यम र उहाँको आधिकारिक अधिकार प्राप्त व्यक्ति भएका छौं (१इतिहास १५:२२-४५). यसैकारण शुरुमा मानिसको सृष्टि भएको थियो र बर्तमानमा हामी त्यसै परिप्रेक्षमा जिइरहेका छौं. त्यसकारण परमेश्वरको वचनबाट हामीले आफ्नो निम्ति दुई किसिमले भोजन जुटाउनुपर्छ ताकि शैतान र उसको संसारदेखि हामीले बचन लिनु नपरोस. हाम्रो प्राणमा यो लडाई भइरहेको छ. यो युद्ध जित्नको लागि परमेश्वर र उहाँको आत्माद्वारा हामीसित बचन बोल्न हुन र त्यसको आज्ञा पालन गर्न हामी तयार हुनुपर्छ. त्यसो भएपछि हामी परमेश्वरको वचनको सामर्थ्यमा जिउनेछौं. वास्तवमा बचन नै परमेश्वर हुनुभएकोले हामी परमेश्वरमै जिउनेछौं (यूहन्ना १, २, १४)

परमेश्वर बोल्नुभएपछि सृष्टि हुनथाल्छ (उत्पत्ति १). उहाँको वचन संगसंगै जिउनाले हामी स्वतन्त्र हुनेछौं किनभने सत्यले हामीलाई स्वतन्त्र तुल्याउनेछ (यूहन्ना ८:३१-३२).

विनित भएर हामीले आफ्नो जीवनमा परमेश्वरको वचन धारण गर्नुपर्छ र यसको आज्ञा मान्नुपर्छ किनभने यसले स्वतन्त्रता ल्याउछ (याकूब १:२१-२५).
परमेश्वरको वचन हामीले हाम्रो जीवनमा स्वीकार गर्नुपर्छ किनकि यसले विश्वास उत्पन्न गर्छ (रोमी १०:१७) र अगुवाई गर्छ (यशैया ३०:२१) (काम नगरी) परमेश्वरको वचन उहाँकहाँ रित्तै फर्कदैन. तर बचनले उहाँले इच्छा गर्नुभएको र जुन उद्देश्यका लागि पठाइएको हो सो पूरा गरेर मात्र फर्कन्छ (यशैया ५५:८-११).

हाम्रो दैनिक जीवनमा परमेश्वरको वचन सुन्ने अभ्यास गरेमा उहाँको आवाज हामी चिन्न सक्नेछौं. पिताको सामुन्ने प्रतीक्षा गर्ने गऱ्यौं भने उहाँलाई चिन्ने मात्र हैन तर हामी आफैंले आफैंलाई पनि चिन्नेछौं. हामी आफ्नो स्वभाव तथा भावनाहरुलाई पनि चिन्नेछौं. आत्माको प्रभावहरु थाहा पाउनेछौं. परमेश्वरको आवाज हाम्रा अन्तर्मनमा सुनेपछि त्यसमा प्रत्युत्तर कसरी दिने हो सो जान्नेछौं र त्यसरी विपरीत आवाजहरुको पनि पहिचान गर्नसक्छौं. परमेश्वर पिताको आवाजलाई सुन्नको निम्ति मन र हृदयको

भित्री छानविन हुनु आवश्यक छ किनभने उहाँको आवाज सुनेपछि हामीभित्र उत्पन्न हुने प्रतिक्रियाहरुका बारेमा हामीलाई क्रमिक रुपमा समझ आउन थाल्नेछ. त्यसैकारण एउटा व्यक्तिले अर्को व्यक्तिलाई तिनीहरुसित बोल्नुहुने परमेश्वर नै हुनुहुन्छ भनेर सम्झाउनु धेरै कठीन हुन्छ. लक्षणबाट यो परमेश्वर नै बोल्नु भएको हो भनेर तिनीहरु जान्दछन, कुरा त्यति मात्रै हो.

वास्तवमा हाम्रा अनुभवहरुमा हामी जति बढी परमेश्वरको आवाज सुन्ने बानी बसाल्छौं उहाँको आवाज चिन्नसक्ने सम्भाव्यता हामीमा उति नै बढी हुन्छ. हाम्रो जीवनको प्रत्येक पाइलामा जति हामी उहाँको खोजी गर्छौं उहाँको अगुवाईको हातलाई त्यति नै बढी चिन्न शुरु गर्नथाल्छौं. यहाँसम्म कि सानो र कम महत्वका देखिने कुराहरुमा पनि उहाँको इसारा हामी बुझ्न थाल्नेछौं. यदि यसो गर्न हामीले उहाँलाई मनाही गरेनौ भने प्रत्येक अवस्थाहरुमा हाम्रा मन तथा हृदयहरुमा परमेश्वर बोल्नुहुन्छ भनेर थाहा पाउनु ठूलै अनुभव हासिल गर्नु हुनजान्छ

कति मानिसहरु हुँदै नभएको कुराको खोजीमा हुन्छन. सबै कुराहरुलाई तिनीहरु जटिल बनाइदिन्छन्. "परमेश्वरको आवाज सुन्नु" भनेको हामीले विशेष दर्शन देख्नु वा स्पष्ट सित सुनिने गरी परमेश्वर बोल्नुहुन्छ भन्ने कति मानिसहरु कल्पना गर्छन्. यस्तो मुस्किलले हुनेगर्छ. हामीभित्र परमेश्वरको आवाज हाम्रो शरीर तथा अंगप्रत्यङ्गका बनोटका माध्यमहरुबाट आउने गर्छ, ती हुन् मन, विचारका प्रक्रियाहरु, मुटुको धडकन, शान्ति वा अशान्तिका भावनाहरु, हाम्रो आत्मामा उत्पन्न हुने छैठौं इन्द्रियका लखहरु. तर निश्चय नै त्यस्ता क्षणहरु पनि आउंछन् जब उहाँ धेरै स्पष्ट, अलौकिक तरीकाबाट हामीसँग बोल्नुहुन्छ. त्यो किन हुन्छ भने यो कि त समयानुकूल भएकोले गर्दा हो अथवा परमेश्वरले भन्नुभएको कुरा अलमलमा नपरिकन हामी राम्रोसित बुझौं भन्ने उहाँको मनसायले गर्दा हो. साधारणतया उहाँको वचन आउंदा हामीले पनि उहाँसँग सहयोग गरेको परमेश्वर इच्छा गर्नुहुन्छ. यो दोहोरो अभ्यास हो. परमेश्वरको आवाज सुन्नसक्ने व्यवस्था मिलाइएर हाम्रो सृष्टि गरिएको छ. तपाईंले पढ्नु हुने र सुन्नुहुने परमेश्वरको वचनको पालना गर्नुहोस् र यो आज्ञाकारिता नै पितालाई गर्ने सहयोगको मूलमन्त्र हो. यदि आफैलाई ठीक

राख्ने काम गरेर हामीले पितालाई सहयोग गरेनौं भने प्रकाशका अन्य कुनैपनि तहमा हामी उहाँलाई सहयोग गर्न समर्थ हुनेछैनौ.

परमेश्वरको पनि आफ्नै समय हुन्छ भन्ने कुरा हामी सबैले सिक्नु आवश्यक छ र ती तथ्यहरु हामीले राम्रै थाहा पाउनुपर्छ. अरु बेलामा भन्दा त्यस्तो समयमा काम कुराहरु धेरै छिटो र सजिलो हुनेगर्छ. हामीले आफ्नो आत्मालाई राम्ररी पढन जानेनौ भने हामी कैयौं कुराहरु गुमाउन सक्छौं.

परमेश्वरले दिनुहुने निश्चिन्तता हामीले आफ्नो आत्मामा पाउनुपर्छ. विश्वासको आश्वासनको ज्ञान र परमेश्वरसँग केही कुराहरु ठीक मिलेको दृढ विश्वास हाम्रो आत्मामा हुनुपर्छ. आत्माको यो साक्षीबिना हामी विश्वासको यो क्षेत्रमा विचरण गर्न सक्दैनौं.

## झ. परमेश्वरको वचनसँगसँगै प्राप्त हुने लक्षण

**१. यो तात्कालिक हो**

यसको मतलब हामीकहाँ वचन सीधा र व्यक्तिगतरुपमा आउंछ जुन धेरै शक्तिशाली र आकर्षक हुन्छ. यो धनुबाट निस्केको तीर जस्तै हुन्छ. ठाउं र परिस्थितिमा ट्वाक्कै मिल्ने त्यसकारण यसको तिरस्कार गर्न मिल्दैन.

**२. यो महत्वपूर्ण छ**

यसको अर्थ हाम्रो जीवनमा हामीले जुन अवस्था भोगिरहेका छौं वचन यो वेलाको निम्ति अति महत्वको हुनेछ. साधारणत: समय र कार्यान्वयनमा परमेश्वरबाट आउने बचनको महत्व साबित हुन्छ.

**३. प्रभावकारी**

परमेश्वरको वचनले जहिले पनि प्रभाव पार्छ. यसलाई प्राप्त गरेर हामीले व्यवहारमा प्रयोग गरेमा यसले फल फलाउंछ.

**४. यो सुहाउंदो (उपयुक्त) छ**

परमेश्वरको वचन एक्लो हुदैन. अवस्था अनुसारको यो सुहाउंदो हुने मात्र होइन तर हाम्रो जीवनको अरु साक्षीहरुको रोहबरमा हेर्दा पनि यसमा निरन्तरता देखिन्छ. जहिले पनि हामी परमेश्वरको वचन बिशेष किसिमबाट सुनेको विचार गर्छौं. जीवनका अन्य पक्षहरुमा पनि हामीले वचनको समर्थन पाउनुपर्छ. धेरै कुराहरुलाई वचनमा लगेर मिलाउने हामीले कोशिष गर्नु हुदैन किनभने यसो गर्नु खतरापूर्ण काम हो तर

त्यसको सट्टा वचन थुप्रै कुराहरुमा मिल्नसक्ने सम्भाव्यताको हामीले खोजी गर्नुपर्छ. तिनीहरु वचनको अन्य किसिमका साक्षीहरु वा परिस्थितिका गवाहहरु हुनसक्छन्.

ञ. व्यवहारिक अगुवाईको तालिका

* यो अगुवाईले वक्ता वा प्रभुमध्ये कसको महिमा गर्छ ?
* के यसले सही ठाउँमा सही कुरा भन्छ ?, तरीका, मानिसहरु, घटनाक्रम, प्रवृत्ति, ढांचा र नतीजाहरु देखाउंछ ?
* के धर्मशास्त्रको एकरुपतामा अगुवाई प्राप्त भएको छ कि कहिं यसमा विरोधाभास छ ?
* के ख्रीष्टको शान्तिले मेरो हृदयमा राज्य गरिरहेको छ ? (फिलिप्पी ४:७, यशैया २६:३).
* मेरो निम्ति आएको परमेश्वरको पहिलो अगुवाईलाई मैले मानेको छु ?
* के म निःस्वार्थी भएर यो अवस्थामा परमेश्वरलाई पहिलो स्थान दिन तयार छु ?
* यो अवस्थामा मैले गर्नुपर्ने के हो सो धर्मशास्त्रले भन्छ कि भन्दैन ?
* के मैले प्रार्थना गरेको छु र मेरा अवस्थाका सम्वन्धमा परमेश्वरलाई मैले गुहारेको छु ?
* मैले पाएको अगुवाईका बारेमा मेरा आत्मिक अगुवाहरु र मेरो मण्डलीले मेरो समर्थन गरेका छन ?
* के म अस्थायी वा क्षणिक भावनामा बगेर काम त गरिरहेको छैन ?
* के म मेरो बौद्धिकताले परमेश्वरलाई सीमित गरिरहेको त छैन ?
* परमेश्वरले मेरो अगुवाई गर्नुहुने कुरामा म आशावादी छु कि छैन ?
* मेरो परिस्थितिले प्राप्त अगुवाईमा बाधा उत्पन्न गरिरहेको छ वा सघाउ पुऱ्याइरहेको छ ?

ट. अन्तमा

हाम्रो निम्ति परमेश्वर केवल उत्तम कुराहरु चाहनुहुन्छ. उहाँ कहिल्यै गल्ती गर्नुहुन्न र उहाँ हतारमा पनि हुनुहुन्न. उहाँको इच्छा अनुसार गर्नु भनेको जीवन भरिपूर्ण हुनु हो, जीवन आनन्दपूर्ण हुनु हो किनभने उहाँको इच्छा पूरा गर्न नै हाम्रो सृष्टि भएको हो.

## ठ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. विश्वासी हुनुभन्दा अगाडि हाम्रो जीवन शैतानको अधिकारमा थियो. उसले हामीलाई कठपुतली जस्तै नचाइरहेको थियो. जब हामीले उद्धार पायौं त्यसबेला शैतानले हामीलाई बांधेर राखेको डोरी परमेश्वरले काटिदिनुभयो. त्यसो भए के परमेश्वरले पनि हामीलाई डोरीले बांधेर नियन्त्रण गर्न खोज्नु भएको हो त ? अथवा हामीले उहाँको बाटो राजीखुशीपूर्वक चुन्नुपर्ने हो ?

२. अगुवाई किन हृदयको चिन्ताको विषय भएको छ ? (कलस्सी ३:१५).

३. व्यवहारिक तालिकालाई राम्रोसित जाँच्नुस. तपाईंको जीवनको कुनै पक्ष परमेश्वरमा सुम्पन अझै बाँकी पो छ कि ?

४. परमेश्वरले तपाईंलाई कसरी अगुवाई गर्नुभयो र उहाँले तपाईंसित बोल्नुभएको विभिन्न किसिमहरुका बारेमा आफ्नो झुण्डसित छलफल गर्नुहोस्.

५. हामीले आत्माको जाँच किन गर्नैपर्छ ?

६. परमेश्वर स्पष्ट बुझिनेगरी र हामीले सुन्नेगरी बोलेर सबै कुरा किन सजिलो पारिदिनुहुन्न ?

७. परमेश्वर बाहेकका कुराहरुबाट तपाईं आफ्नो हृदय भर्नुहुन्छ कि ? र यसले गर्दा परमेश्वरको वचन सुन्नमा तपाईंलाई बाधा हुन्छ कि ? त्यसो हो भने यसबारेमा अब के गर्ने विचार छ ?

## ड. सारांश र प्रयोग

१. हाम्रो जीवनको निम्ति उहाँको इच्छा अनुसार हामी जिएको परमेश्वर चाहनुहुन्छ.

२. हाम्रो जीवनको निम्ति उहाँको योजनानुसार जिउनुले आनन्दमय र भरिपूर्ण जीवन प्राप्त हुन्छ. परमेश्वर हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रा निम्ति उत्तम कुराको चाहना राख्नुहुन्छ.

३. परमेश्वर हाम्रो अगुवाई गर्न र हामीसित बोल्न चाहनुहुन्छ भन्ने कुराको ज्ञान हामीलाई हुनुपर्छ.

४. हाम्रो दैनिक क्रियाकलापको एक हिस्साका रुपमा हामीले उहाँको वचन सुन्नुपर्छ.

५. कुनैपनि परिस्थितिमा उहाँको अगुवाई र आवाज सुन्न सिक्नुपर्छ.

६. हामीसित कसरी कुन किसिमले बोल्नुपर्ने हो सो परमेश्वर आफैंले चुन्नुहुन्छ.
७. परमेश्वरको वचनले हामीमा अगुवाई, विश्वास र स्वतन्त्रता ल्याउंछ.